"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वालंखा, भोजपुर

प.सं.: २०८१/०८२

सूचना नं.: ४८

नेपाल सम्वतः ११४५

मितिः २०८२/०२/२७

आमचोक गाउँपालिका
सबै वडा कार्यालयहरु

**विषय: शिविर सञ्चालन हुने सम्बन्धि सूचना।**

प्रस्तुत विषयका सम्बन्धमा, सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र नम्वर आ. व. २०८२/०८३ को भत्ता नविकरणको समयमा अनलाइन प्रणालीमा अनिवार्य भएकोले उक्त राष्ट्रिय परिचयपत्र बनाउन शिविरमा छुट भएका, राष्ट्रिय परिचयपत्रको आवेदन फारम भएका तर आवेदन नम्वर रुजु गर्दा राष्ट्रिय परिचयपत्र नम्वर उपलब्ध हुँन नसकेका साथै उक्त शिविर पश्चात अनलाइन प्रणालीमा थप भएका लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र नम्वर नभएका व्यक्तिहरुलाई लक्षित गरी तपशिल अनुसारको मिति तथा स्थानमा **राष्ट्रिय परिचयपत्रका लागि शिविर सञ्चालन** हुँने भएको हुँदा राष्ट्रिय परिचयपत्र नभएका सबै लाभग्राहीहरुलाई उपस्थित गराई राष्ट्रिय परिचयपत्र बनाउन हुँन सबैमा यो सूचना प्रकाशित गरिन्छ।

**तपशिल**

| मिति | वडा नं. | स्थान |
|---|---|---|
| २०८२/०२/३० र ३१ | ५, ६, ७ र ३ | वडा नं. ६, वयाङ्ग |
| २०८२/०३/०१ र ०२ | ५, ८, ९ र १० | वडा नं. ९, दुम्माना |
| २०८२/०३/०३ र ०४ | १, २, ३, ४ र १० | वडा नं. ४, वालंखा |

**नोट:**

१. पूर्ण अपाङ्गता तथा ९० वर्ष माथीका लाभग्राहीको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नभएता पनि सेवा लिन चाहेमा सेवा उपलब्ध हुँनेछ।
२. प्राविधिक समस्या आइपरेमा तोकिएको मिति तथा स्थान परिवर्तन पनि हुँन सक्नेछ।
३. शिविर सञ्चालन समय विहान ८:०० वजेबाट हुँनेछ।
४. तोकिएको दिनमा कुनै लाभग्राहीहरु छुट भए शिविर अवधिभर शिविर सञ्चालन भएको अन्य स्थानबाट पनि सेवा लिन सक्नु हुनेछ।

**आवश्यक कागजातहरु:**

क) सबै लाभग्राहीहरुको हकमा नेपाली नागरिकताको प्रमाण-पत्र
ख) विधुवाको हकमा थप पतिको मृत्यु दर्ता प्रमाण-पत्र
ग) एकल महिलाको हकमा थप अविवाहित प्रमाणित कागज
घ) विवाहितको हकमा थप नाता खुल्ने प्रमाण तथा विवाह दर्ता प्रमाण-पत्र
ङ) पहिला आवेदन भरेको तर परिचयपत्र नम्वर नदेखाएको हकमा पहिलाको आवेदन फारम अनिवार्य रहेको छ।
(माथि उल्लेखित सबै कागजातहरु सक्कलै हुँनु पर्नेछ।)

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

Mail: ito.aamchokmun@gmail.com
Phone: 9852081336